मिति २०८२/०१/ २३ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	विनोद पुन, कुमार बोहरा, प्रकाश शाही, कुल बहादुर बुढा, मानदेव कवर र नन्दकुमारी कवर (विशेष अदालतको मुद्दा नं. ०७९-CR-००५८ र फैसला मिति २०८०/११/१५)	**सडक निर्माण कार्यमा गलत प्रतिवेदन तयार गरी गैर कानूनी लाभहानी गरेको।**	**प्रतिवादीहरु पूर्वाधार विकास कार्यालय, सल्यानका तत्कालीन निमित्त कार्यालय प्रमुख इन्जिनियर विनोद पुन, ऐ.ऐ. कार्यालयका तत्कालीन सब-इन्जिनियर कुमार बोहरा तथा ऐ.ऐ. कार्यालयका तत्कालीन सब-इन्जिनियर प्रकाश शाहीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) तथा बदनियतपूर्वक भए गरेको कार्य लुकाई छिपाई नभए नगरेको कुरा देखाई गलत कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी ऐ.ऐनको दफा १९ को उपदफा	**फैसलाः** प्रतिवादीहरुले आरोपीत कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको। **विशेष अदालतले फैसला गर्दा लिएका आधारः** **क.** नापी किताबमा उल्लेख भएको १५४० मि. भन्दा बढी १५६० मि. सडक बनेको तथ्य प्रतिवेदनमा उल्लेख भएको, **ख.** मिति२०७८/१२/०६ को दोस्रो प्रतिवेदनबाट समेत लम्बाई र गुणस्तरमा कैफियत	**उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको।** **क.** जिल्ला सल्यान, शारदा नगरपालिका, वडा नम्बर १५ स्थित सुन्दरडाँडा-थाङ्नेखोला सडक निर्माण कार्यमा फिल्डमा ११९१८.२५ घनमिटर बास्तविक कार्य भएकोमा नापी किताबमा १९०८१.३० घनमिटर कार्य भएको भनी भए गरेको कार्यभन्दा ७१६३.०५ घनमिटर फिल्डमा नभएको नगरेको कार्यको बढी मूल्याङ्कन गरी नापी किताबमा चढाई अन्तिम बील भुक्तानीको लागि गलत नापी किताब, उपभोक्ता समितिको बील तथा कार्यसम्पन्न प्रतिवेदन समेतलाई स्वीकार गरी प्रतिवादीहरुको मिलेमतोमा रु.७,१४,०४१।०९ बराबरको सार्वजनिक सम्पतिको हानि नोक्सानी गरेको भन्ने आरोपदावी रहेको प्रस्तुत मुद्दामा, योजनाको लागि कुल जम्मा रु.२२,०८,०९६।१९ खर्च व्यहोर्ने गरी पूर्वाधार विकास कार्यालय, सल्यानबाट Earthwork in Roadway Excavation कार्य अन्तर्गत Boulder Mix Soil, Soft Rock and Hard Rock कार्यमा क्रमशः ११४४४.५५, ७१३१.०० र ९८४.४५ गरी कुल जम्मा १९५६० घनमिटर बराबरको कार्य गर्ने गरी उपभोक्ता समिति तथा कार्यालयबीच मिति २०७७।११।१० गते योजना सम्झौता भएकोमा Earthwork in Roadway Excavation अन्तर्गत Boulder Mix Soil, Soft Rock and Hard Rock कार्यवापत क्रमशः ११२१३.३८, ६९१८.९७ र ९४८.९५ गरी जम्मा १९०८१.३० घनमिटर बराबरको कार्य सम्पन्न भएको भनी नापी किताबमा चढाई बील रकम रु.१८,६५,३१३।०० उपभोक्ता समितिलाई भुक्तानी दिएको गोश्वारा भौचरबाट देखिएकोमा आयोगको टोलीले स्थलगत नापजाँच गर्दा ११९१८.२५ घनमिटर मात्र कार्य भएकोमा ७१६३.०५ घनमिटर कार्य नभएको नगरेको भनि स्थलगत प्राविधिक प्रतिवेदन गर्न रुपेश श्रेष्ठले पेश गरेको प्रतिवेदन निजले अदालतबाटभएको श्रब्यदृष्य (Audio Visual) मार्फत अमेरिकाको Connecticut State को आफ्नै Apartment बाट मिति २०७९।१२।२२ मा गरेको बकपत्रबाट पुष्टि भएको Evidence corroborated by a Statement लाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्नु पर्नेमा नगरी नभएको नगरेको कार्य भए गरेको भनी रु.७,१४,०४१।०९ समेत भुक्तानी लिई भ्रष्टाचारजन्य कार्य गरेको मिसिल संलग्न कागजातबाट पुष्टि भएको छ। **ख.** सम्झौता बमोजिम निर्माण गर्नु पर्ने करिव ५०० मिटर सडकखण्ड नजोडिएको। सुन्दरडाँडाको करिव १२०० मिटर सडक खण्डमा सवारी साधन संचालनमा नआएको। सुन्दरडाँडा सडकखण्डमा मेलखेत बासाझ्याङदेखि गिघमोर खोलासम्म १२२८ मिटर लम्बाई, २ मिटरदेखि ८ मिटर उचाई र औसतमा ५ मिटर चौडाईमा खन्ने काम भएको। निर्माण समयदेखि हालसम्म उक्त सडकखण्डमा संचालनमा नआएको भन्ने

			(२) बमोजिम समेत कसुर गरेको देखिँदा निज प्रतिवादीहरुउपर रु.७,१४,०४१।०९ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सो बिगोसमेत असुल उपर हुन साथै ऐ.ऐन को दफा १९ को उपदफा (२) बमोजिम समेत सजाय हुन तथा **प्रतिवादीहरु सुन्दरडाँडा थाङ्नेखोला सडक निर्माण उपभोक्ता समितिका तत्कालीन अध्यक्ष कुलबहादुर वुढा, ऐ.ऐ. समितिका तत्कालीन सचिव मानदेव कवर तथा ऐ.ऐ. समितिका तत्कालीन कोषाध्यक्ष**	नदेखिएकोले कार्य परिमाण (Volume) को आधारमा न्यून देखाएको भए पनि पहिरो गएको तथ्य निर्विवाद रहेको, **ग.** जग्गा धनीहरुको विवादको कारण ५०० मि. बाटो निर्माण नभएको भएपनि सो खण्डको रकम भुक्तानी पनि नभएको	मिति २०७८।११।१९ को स्थलगत सर्जमिन मुचुल्काबाट देखिन्छ। सुन्दरडाँडा-थाङ्नेखोला सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष समेत रहेका प्रतिवादी कुल बहादुर बुढाले अनुसन्धानको वयानका क्रममा "आयोगका टोली आउदा सडक नभएको, आयोगको टोली गए पश्चात सो वाँकी काम निर्माण भएको हो हाल सो आयोजना पूर्ण रुपले जोडिएको छ पुन निरिक्षण गरीपाउँ" भन्ने उल्लेख गरेवाट उक्त स्थानमा रकम भुक्तानी हुँदाको समयमा सम्झौता बमोजिम काम भएको थिएन पछि अख्तियारमा उजुरी परे पश्चात सम्झौता बमोजिम काम सम्पन्न भएको हो भन्ने तथ्य पुष्टि हुन्छ। त्यसै गरी अर्का प्रतिवादी मानदेव कवरले वयानका क्रममा "योजना अनुसार जग्गावालाले विवाद गरेको हुँदा बाटो अलि माथिबाट खन्ने भन्ने सहमती गरी खन्दा पनि माथि पनि जग्गावालाले विवाद गर्दा माथिवाट बाटो खन्ने क्रममा अति घुमाउरो भएकोले १६५० मिटर खन्दा पनि सडक जोडिन नसकेको हो" भनी उल्लेख गरेबाट पनि सम्झौता बमोजिम सडक निर्माण नभएको पुष्टि हुन्छ। अतः यी प्रतिवादीहरुको वयान लगायतका कागजातलाई प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) र (२) बमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन्छ। तर उक्त कागज प्रमाणलाई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिने मनसायले नापी किताबमा उल्लेख भएको १५४० मि. भन्दा बढी १५६० मि. सडक बनेको तथ्य प्रतिवेदनमा उल्लेख भएको भन्ने आधार ग्रहण गरी निर्मित सडकले सुन्दरडाडा र थाङ्नेखोला नजोडिएको अवस्थामा सम्झौता बमोजिम कार्य सम्पन्न भएको भनी पेश भएको गलत प्रतिवेदनलाई स्वीकृत गरी भुक्तानी दिई सरकारी सम्पत्तिको हिनामिना गरी गैरकानूनी लाभ लिएका प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला बदरभागी छ। **ग.** आयोगको टोली निरिक्षणमा गएको अवस्थामा आयोजना स्थलमा पहिरो गएको तथ्य निर्विवाद रहेको छ सो कुरा मिति २०७६।११।१९ गतेको मुचुल्का लगायत रुपेश श्रेष्ठको प्रतिवेदनमा समेत उल्लेख भएको छ। उक्त प्रतिवेदनमा रहेको तथ्यलाई प्रतिवेदकले अदालत समक्षको वकपत्रबाट समेत पुष्टि गरेको देखिन्छ। निज प्रतिवेदक इन्जिनियर रुपेश श्रेष्ठले बकपत्रमा "नापजाँचका क्रममा निर्मित सडकको लम्बाइ कार्यसम्पन्न प्रतिवेदनमा भन्दा बढी देखिए तापनि निर्माण कार्यको कुल परिमाण कार्यसम्पन्न प्रतिवेदनमा भन्दा कम रहेको पाइएको थियो। विचको ५०० मि. सडक खण्ड हाल निर्माण भएको विषयमा जानकारी छैन। नापजाँचको आधारमा जे देखियो सोहि बमोजिम प्रतिवेदन पेस गरिएको हो" भन्ने व्यहोरा खुलाएको देखिन्छ। साथै वकपत्रको स.ज.९ मा "नाँपजाँचका क्रममा पहिरो गएको भागलाई पनि उल्लेख गरेर विवरणहरु लिइएको। पहिरो गएको भागको समेत नापजाँचका आधारमा निर्माण कार्यको गणनामा समावेश भएको छ। पहिरो गएको भागो वरपरको नापको आधारमा निर्माण कार्यको औषत परिमाण गणना गरिएको छ" भनी उल्लेख गरेवाट पहिरो गएको कारणले सडक निर्माणको गणनामा कुनै तात्विक फरक परेको देखिदैन। प्रतिवेदन बमोजिम नै सुन्दरडाँडा-थाङ्नेखोला सडक निर्माण कार्यमा फिल्डमा ११९१८.२५ घनमिटर बास्तविक कार्य भएकोमा नापी किताबमा १९०८१.३० घनमिटर कार्य भएको भनी भए गरेको कार्यभन्दा ७१६३.०५ घनमिटर फिल्डमा नभएको नगरेको कार्यको बढी भुक्तानी गरेको रकम

			नन्दकुमारी कवरले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ उपदफा (४) बमोजिम कसुर गरेको देखिँदा निज प्रतिवादीहरुउपर रु.७,१४,०४१।०९ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ८ उपदफा (४) बमोजिम सजाय गरी सो बिगोसमेत जफत हुन मागदाबी लिइएको		रु.७,१४,०४१।०९ बराबरको सार्वजनिक सम्पतिको गैरकानूनी लाभहानी गरेको पुष्टि भई रहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ। **घ.** Earthwork in Roadway Excavation अन्तर्गत Boulder Mix Soil, Soft Rock and Hard Rock कार्य वापत क्रमश ११२१३.३८, ६९१८.९७ र ९४८.९५ गरी जम्मा १९०८१.३० घनमिटर बराबरको कार्य सम्पन्न भएको देखाई नापी किताब स्वीकृत गरी उक्त निर्माण कार्यको लागि कन्टिन्जेन्सी वापत रु.४०,०००।०० अग्रीम आयकर वापत रु.२८,४०५।७८, निर्माण उपभोक्ता समितिको तर्फबाट रु.२,०८,०९६।१९ तथा कार्यालयको तर्फबाट रु.१८,६५,३१२।७८ भुक्तानी दिने गरी कुल जम्मा रु.२१,४१,८१४।७६ बराबरको उपभोक्ता सम्बन्धी बील स्वीकृत गरी रु.२१,४१,८१४।७६ बराबरको कार्य सम्पन्न भएको भनी कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गरी उल्लेखित नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनलाई स्वीकार गरी अग्रीम आयकर तथा कन्टिन्जेन्सीसमेत कट्टा गरी पूर्वाधार विकास कार्यालय, सल्यानबाट गोश्वारा भौचर नम्बर ३७ मार्फत बैंक खाता नम्बर ०७४००१०७०१४१०८०००००१ मा मिति २०७८।०३।२८ गते रु.१८,६५,३१३।०० उपभोक्तालाई भुक्तानी भएको मिसिल संलग्न गोश्वारा भौचरबाट देखिन आएको छ।जग्गा धनीहरुको विवादको कारण ५०० मि. बाटो निर्माण नभएकोले सुन्दरडाँडा-थाङ्नेखोला सडकखण्ड नजोडिएको भन्ने बेहोरा भुक्तानीको लागि प्रतिवादीहरुले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनमा कही कतै उल्लेख नभएको अवस्थामा अख्तियारमा उजुरी परेपश्चात मात्र उक्त सडकखण्ड जोड्ने कार्य भएको देखिदा प्रतिवादीहरुले गैरकानूनी लाभ प्राप्त गर्ने मनसायले कार्य गरेको पुष्टि हुन्छ।यसै सन्दर्भमा, सर्वोच्च अदात बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र२० मा "**सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ।By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ**" भन्ने सिद्धान्त विपरित प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुले गरेको कार्यमा बदनियत र मनसाय तत्वको विश्लेषण नगरी ५०० मि. बाटो निर्माण नभएतापनि सो खण्डको रकम भुक्तानी पनि नभएको भन्ने तथ्यहिन आधार ग्रहण गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला बदर गरी पाउँ। अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, प्रतिवादीहरु विनोद पुन, कुमार बोहरा, प्रकाश शाही, कुल बहादुर बुढा, मानदेव कवर र नन्दकुमारी कवरले आरोपदावी बमोजिमको कसूरवाट सफाई पाउने ठहर भई बिशेष अदालतबाट भएको फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ